अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

पौवादुङमा गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः- ०९ संख्याः- ०२ मितिः-२०८२/०४/०१

## भाग-२

## पौवादुङमा गाउँपालिका

## गाउँपालिका रोजगार कार्यक्रम संचालन कार्यविधि,२०८२

**प्रस्तावनाः** गाउँपालिकाको नीति तथा कार्यक्रम र बजेटमा व्यवस्था भए अनुसार पालिकाभित्र सूचिकृत बेरोजगार व्यक्तिहरुलाई न्यूनतम रोजगारी सुनिश्चित गर्न, रोजगारीको अवसर र ज्यालामा सुधार गरी श्रमप्रति सम्मान गर्दै समृद्ध पालिका निर्माणमा आवश्यक जनशक्तिको ज्ञान, सीप र क्षमताको उपयोग गरी सामुदायिक पूर्वाधार तथा अन्य विकास कार्यक्रमका माध्यमवाट नागरिकको जीवनयापनमा सुधार

ल्याउन गाउँपालिका रोजगार कार्यक्रम संचालन कार्यविधि व्यवस्था गर्न आवश्यकता भएकोले पौवादुङमा गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमन ऐन, २०७५ ले दिएको अधिकार प्रयोग गरी सोही बमोजिम पौवादुङमा गाउँकार्यपालिकाले यो कार्यविधि तर्जुमा गरी लागू गरेकोछ।

# परिच्छेद १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यो कार्यविधिको नाम "गाउँपालिका रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि गाउँपालिकाको स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) **"ऐन"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ सम्झनु पर्दछ।

(ख) **"गाउँपालिका"** भन्नाले पौवादुङमा गाउँपालिकालाई सम्झनु पर्दछ।

(ग) **"समुदाय"** भन्नाले टोल, गाउँ वा वस्ती स्तरमा बसोबास गर्ने व्यक्तिहरुको समूह वा समाजलाई सम्झनु पर्दछ।

(घ) **"समुदायस्तरको आयोजना"** भन्नाले समुदायस्तरमा सञ्चालन हुने श्रम प्रधान सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजनालाई सम्झनु पर्दछ।

(ङ) **"श्रमिक"** भन्नाले रोजगार आयोजनामा कामका लागि खटिएका कामदारहरुलाई सम्झनु पर्दछ ।

(च) **"समिति"** भन्नाले दफा १० बमोजिम गाउँपालिका रोजगार कार्यक्रम निर्देशक समितिलाई सम्झनु पर्दछ।

# परिच्छेद २

## आयोजनाको ढाँचा र क्षेत्र

**३. आयोजनाको ढाँचा :** गाउँपालिका रोजगार कार्यक्रम अन्तर्गत सूचिकृत बेरोजगार व्यक्तिलाई रोजगारीमा संलग्न गराउन देहायका ढाँचामा आयोजना सञ्चालन गर्न सकिनेछ।

(क) सार्वजनिक पूर्वाधार निर्माण वा अन्य सार्वजनिक आयोजना मार्फत रोजगारी सिर्जनाः सूचिकृत बेरोजगार व्यक्तिहरुलाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित समुदायस्तरको आयोजना सञ्चालन।

(ख) सार्वजनिक पूर्वाधार मर्मत सम्भार मार्फत रोजगारी सिर्जनाः

(१) पालिका भित्रका सार्वजनिक पूर्वाधारहरुको मर्मत सम्भार कार्यमा रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगार व्यक्तिहरुलाई खटाई काम गरेको दिनको ज्याला भुक्तानी दिने गरी कामका लागि पारिश्रमिकमा आधारित आयोजना सञ्चालन।

**४. कार्यस्थलमा आधारित तालिम :**

(१) सूचिकृत बेरोजगार व्यक्तिहरुलाई दफा ३ को देहाय (क) र (ख) बमोजिमका आयोजनामा रोजगारीमा खटाउँदा खटिएको आयोजनामा काम गरिरहँदाकै बखत उनीहरुमा काम संग सम्बन्धित सीप एवं क्षमता विकास गर्न कार्यस्थलमा आधारित तालिम प्रदान गर्न सकिनेछ।

(२) उपदफा (१) बमोजिम कार्यस्थलमा आधारित तालिम दिइएको अवधिलाई रोजगारी दिनकै रुपमा गणना गरी श्रमिकलाई सो अवधिको समेत ज्याला उपलब्ध गराउनुपर्नेछ।

(३) उपदफा (१) बमोजिमको कार्य स्थलमा आधारित तालिम सञ्चालन सम्बन्धमा गाउँपालिकाले छुट्टै कार्यविधि बनाई लागू गर्नेछ।

**५. आयोजना सञ्चालनका क्षेत्र :** यस कार्यविधि अनुरुप सञ्चालन हुने आयोजना छनौट गर्दा देहायका क्षेत्रहरु भित्र पर्ने आयोजना मात्र छनौट गर्नुपर्नेछ।

(क) सडक निर्माण तथा मर्मत सम्भार :-

- गरिव तथा विपिन्न वस्तीहरुमा सडक खानेपानी सामुदायिक भवनको निर्माण तथा मर्मत सम्भार।
- स्वास्थ्य चौकी, विद्यालय, आर्थिक केन्द्र तथा पर्यटकीय स्थल जोड्ने सडक निर्माण तथा मर्मत सम्भार।

(ख) कृषि तथा सिंचाई :-

- सामुहिक तथा व्यक्तिगत फलफुल तथा तरकारी खेती जडीबुटी खेती, प्रशोधन नगदेबाली लगाई स्वरोजगार हुने क्रियाकलाप।
- सिंचाईका लागि कुलो तथा पैनीको निर्माण तथा मर्मत सम्भार, लगायतका उत्पादन तथा उत्पादनशीलता अभिवृद्धि हुने क्रियाकलापहरु।
- कृषि तथा पशुपन्छी जन्य उत्पादनको भण्डारण तथा विक्री वितरणका लागि आवश्यक पर्ने भण्डारगृह, शीतभण्डार, हाटबजार र तरकारी तथा फलफुल संकलन तथा विक्री केन्द्रको निर्माण तथा मर्मत सम्भार।

(ग) ग्रामीण खानेपानी :-

- खानेपानी आयोजनाहरुको निर्माण, पाईपलाइन विस्तार तथा मर्मत सम्भार।
- पोखरी, खानेपानीको मुहान तथा जलाधार संरक्षण एवं मर्मत सम्भार।

(घ) स्वास्थ्य तथा सरसरफाई :-

- स्वास्थ्य चौकी केन्द्र र प्रसुतिगृह निर्माण तथा मर्मत सम्भार।
- सार्वजनिक शौचालय निर्माण तथा मर्मत सम्भार।
- फोहोर व्यवस्थापनका पूर्वाधारहरुको निर्माण तथा मर्मत सम्भार

(ङ) शिक्षा :-

सामुदायिक विद्यालय भवन, सार्वजनिक पुस्तकालय तथा विद्यालय परिसरमा शौचालय, खानेपानीको धारा, खेलमैदान र कम्पाउण्ड पर्खाल निर्माण तथा मर्मत सम्भार।

(च) वन तथा जलाधार :-

- फलफूलको विरुवा रोपण, वृक्षारोपण तथा वनजङ्गल संरक्षण।
- पहिरो तथा नदी नियन्त्रण।
- साना बाँध निर्माण।

(छ) पर्यटन :-

- पदमार्ग निर्माण तथा मर्मत सम्भार।
- पदमार्ग तथा पर्यटकीय क्षेत्र मा विश्रामस्थल तथा चौतारो निर्माण तथा संरक्षण।

(ज) बेरोजगार लक्षित वर्गलाई तुरुन्तै रोजगारमूलक तथा स्वारोजगार मूलक क्रियाकलापहरुमा संलग्न हुने सीप तथा क्षमता विकासका क्रियाकलापहरु।

**६. यस कार्यक्रमका लागि आयोजना छनौट गर्दा देहायका विषयवस्तुहरु लाई प्राथमिकता दिनुपर्नेछ।**

क) गरिब तथा जोखिममा रहेका घरपरिवारलाई प्रत्यक्ष लाभ दिने।

ख) स्थानीय स्तरमा दीगो दीर्घकालिन प्रयोगमा आउने प्रत्यक्ष उपयोग हुने सामुदायिक पूर्वाधार।

ग) स्थानीय स्तरमा सामाजिक तथा आर्थिक उन्नतीसँग प्रत्यक्ष सम्बन्ध राख्ने पूर्वाधार।

घ) प्राकृतिक स्रोत साधनहरुको संरक्षण र उपयोग,  प्रकोप नियन्त्रण तथा जलाधार संरक्षण हुने आयोजना।

ङ) स्थानीय सरकारले प्राथमिकतामा राखेका अन्य आयोजना।

# परिच्छेद ३

## लक्षित वर्गको छनौट तथा आयोजना तर्जुमा प्रक्रिया

**७. कार्यक्रमका लक्षित वर्ग :** (१) यस कार्यक्रमका लक्षित समूह १८ वर्षदेखी ५९ वर्ष समूहको बेरोजगार व्यक्ति तथा नीजका परिवार हुनेछन।

(२) गाउँपालिकामा सूचिकृत भएका वा हुने योग्यताका तर सूचिकृत नभएका बेरोजगारहरुमध्ये समेतबाट यस कार्यक्रममा सहभाग‍ी हुन छनौट गरिनेछ। बेरोजगार सुचिकृत गर्न आ.व. २०८२।८३ मा श्रावण १ देखी श्रावण १५ गतेसम्म आवेदन गरिनेछ।सुचिकृत छनौट गर्दा देहाय बमोजिमको प्राथमिकता अनुसारको हुनुपर्नेछ।

क) आफ्‍नो उत्पादन तथा आय वाट एक वर्षमा तीन महिना भन्दा कम समय सम्ममा मात्र खान पुग्ने परिवार।

ख) परिवारका सदस्यहरु मध्ये पूर्ण तथा आंसिक अपाङ्गता परिचयपत्र पाएको परिवार।

ग) आश्रित परिवार संख्या धेरै भएको परिवार।

घ) द्वन्द्व पिडित परिवार।

ङ) दलित अल्पसंख्यक, लोपउन्मुख जाती जनजाती, आदीवासी जनजाती तथा भूमिहिन गरीब परिवार।

**८ . आयोजना छनौट :** (१) गाउँपालिकाले यस कार्यक्रमका लागि आयोजना छनौट गर्दा वार्षिक नीति तथा कार्यक्रममा समावेश भएका आयोजनाहरुको सूचीबाट एउटा आयोजनाको लागत रु दश लाख भन्दा बढी नहुने गरी छनौट गर्नु पर्नेछ।

(२) उपदफा (१) वडा समितिहरुले एउटा आयोजनाको लागत रु. दश लाखभन्दा बढी नहुने गरी दफा ५ बमोजिमका क्षेत्रभित्र पर्ने आयोजना पहिचान गरी सिफारिस सहित (अनुसूची १ बमोजिम पठाउन माग गर्नुपर्नेछ।

(३) उपदफा (२) बमोजिम आयोजनामा माग भएकोमा वडा समितिले दफा ५ बमोजिम प्राथमिकताका क्षेत्रहरुलाई आधार बनाई आयोजना पहिचान गरी सिफारिस गर्नुपर्नेछ ।

(४) रोजगार आयोजना संचालनको लागि वडाबाट सिफारिस भएका योजनाहरुमध्येबाट छनौट गर्दा अनुसूची - २ बमोजिम योजना छनौट मुल्यांकन मापन सूचकका आधारमा गर्नु पर्नेछ।

(५) उपदफा (३) बमोजिमका आयोजनाहरुको हकमा प्रस्ताव गर्दा श्रमिकको ज्यालावापतको रकम आयोजनाको कुल लागतको सत्तरी प्रतिशत भन्दा बढि हुने गरी प्रस्ताव गर्नु पर्नेछ । तर कृषि सम्बन्धी आयोजनाहरुको हकमा यो उपदफा लागु हुनेछैन ।

(६) वडावाट आयोजनाहरु सिफारिस गर्दा श्रममूलक प्रविधिको मात्र प्रयोग हुनेगरी आयोजनाको प्रस्ताव गर्नुपर्नेछ। लोडर, एक्साभेटर, रोलर, डोजर, जस्ता हेभि मेशीनहरु प्रयोग गर्ने गरी आयोजना प्रस्ताव गर्नपाईने छैन।

(७) छनौट भएको आयोजनाको प्राविधिक कर्मचारीवाट लागत अनुमान तयार गरी (आवश्यकता अनुसार ड्रईङ्ग डिजाइन सहित) स्वीकृत भएको हुनुपर्ने र सोको आधारमा अनुसूची १ बमोजिमको फाराम तयार गर्न लगाई स्वीकृत गरेको हुनु पर्नेछ।

(८) न्यूनतम सत्तरी प्रतिशत रकम ज्यालामा खर्च हुनुपर्नेः प्राविधिकले लागत अनुमान तयार गर्दा आयोजनाको कुल अनुमानित लागतको कम्तिमा सत्तरी प्रतिशत रकम श्रमिकको ज्यालमा खर्चहुने गरी देहाय बमोजिमको सीमाभित्र रही खर्चको प्रस्ताव गर्नुपर्नेछः

| क्रस | खर्चका क्षेत्र | खर्च सीमा |
|---|---|---|
| १. | श्रमिकको ज्याला भुक्तानी | न्यूनतम ६५ प्रतिशत |
| २. | निर्माण सामाग्री खरिद तथा ढुवानी | अधिकतम २६ प्रतिशत |
| ३. | कामका लागि आवश्यक हाते औजार खरिद | अधिकतम ३ प्रतिशत |
| ४. | श्रमिकका लागि कार्यस्थल सुरक्षा सामाग्री खरिद | अधिकतम ४ प्रतिशत |
| ५. | कन्टिन्जेन्सी खर्च | अधिकतम २ प्रतिशत |

**९. प्राविधिकको सिफारिस बमोजिम मात्र सुरक्षा सामग्री खरिद गर्नुपर्ने :** श्रमिकका लागि कार्यस्थल सुरक्षा सामाग्रीको खरिद गर्दा प्राविधिकले आयोजनामा काम गर्दा श्रमिकको सुरक्षामा जोखिम हुने भनी स्पष्ट उल्लेख गरी सुरक्षा सावधानीका लागि प्रयोग गर्न सिफारिस गरेका सामाग्रीहरु लागत इष्टिमेटमा तोकिएको अनुमानित लागतको सीमाभित्र रहेरमात्र खरिद गर्नुपर्नेछ।

# परिच्छेद - ४

## गाउँपालिका रोजगार कार्यक्रम सन्चालनमा सरोकारवालाहरुको भूमिका

**१०. गाउँ कार्यपालिकाको कार्यालय :**

१) यो कार्यक्रम सन्चालन, निर्देशन र नियन्त्रण गर्ने मुख्य जिम्मेवारी गाउँ कार्यपालिकाको कार्यालयको हुनेछ।

२) कार्यालयले पालिका भर वितरणात्मक न्याय स्थापित गर्न सामाजिक सुरक्षा तथा सामाजिक संरक्षणका कार्यक्रम तथा क्रियाकलापहरुको समन्वयात्मक रुपमा कार्य संचालन गर्नेछ।

**११. पालिका रोजगार कार्यक्रम निर्देशक समिति :**

पालिका रोजगार कार्यक्रम सन्चालनको लागि गाउँपालिकाको पालिका प्रमुखको संयोजकमा देहाय बमोजिमको पाँच

सदस्यीय निर्देशक समिति हुनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष | संयोजक |
| गाउँपालिका उपाध्यक्ष | सदस्य |
| सामाजिक विकास समिति संयोजक | सदस्य |
| आर्थिक विकास समिति संयोजक | सदस्य |
| विधायन समिति | सदस्य |
| सार्वजानिक लेखा समिति | सदस्य |
| बातावरण तथा विपद व्यवस्थापन समिति संयोजक | सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| पूर्वाधार विकास समिति संयोजक | सदस्य |

सार्वजनिक सेवा प्रवाह, सुशासन र क्षमता विकास समिति संयोजक सदस्य

| | |
|---|---|
| पूर्वाधार विकास समितिको सचिव | सदस्य |
| रोजगार संयोजक | सदस्य -सचिव |

**१२. निर्देशक समितिका कार्यहरु देहाय बमोजिम हुनेछन।**

क) कार्यक्रमको समग्र संयोजन गर्ने।

ख) सीप विकास तथा वेरोजगारीहरुलाई रोजगार सृजना हुने क्षेत्रहरुको पहिचान गरी बार्षिक योजना तथा कार्यक्रम तयार गर्ने ।

ग) कार्यक्रम कार्यान्वयनको अनुगमन गर्ने।

घ) कार्यक्रमको बार्षिक प्रतिवेदन गाउँ कार्यपालिका समक्ष पेश गर्ने।

ङ) कार्यक्रमको प्रभावकारीता अभिवृद्धि गर्न आवश्यक अध्ययन, अनुसन्धान तथा छलफल गर्ने गराउने।

च) कार्यक्रम सन्चालको लागि सहजीकरण गर्ने

छ) कार्यक्रम संग सम्वन्धीत विषयहरुमा संघीय सरकार तथा प्रदेश सरकार संग आवश्यक समन्वय गर्ने।

**१३. विषयगत शाखा गाउँपालिका अन्तर्गत रहेका विषयगत शाखाहरुको भूमिका देहाय अनुसार हुनेछ।**

क) आफ्नो शाखा अन्तर्गतको बजेट तर्जुमा गर्दा रोजगारी सिर्जनालाई प्राथमिकता दिई गराउने।

ख) आफ्नो शाखा अन्तर्गतका विनियोजन भएका बजेट खर्च गर्दा सिर्जना हुने रोजगारको पूर्वानुमान गरी सोको जानकारी कार्यक्रमलाई गराउने।

घ) आफ्नो शाखा अन्तर्गतका नीति, योजना कार्यक्रम तथा आयोजनाहरुको तर्जुमा गर्दा कार्यान्वयन गर्ने क्रममा श्रममूलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जना हुने गरी गर्ने गराउने।

ङ) कार्यक्रमले मागेको सूचना तथा तथ्यांक जानकारी सहयोग र परामर्श उपलव्ध गराउने।

च) कार्यक्रमलाई आवश्यक पर्ने समन्वय र सहयोग उपलव्ध गराउने।

**१४. रोजगार संयोजक :**

क) गाउँपालिकाको रोजगार सेवा केन्द्रमा कार्यरत रोजगार संयोजकले कार्यक्रम कार्यान्वयनमा सहयोग गर्नु पर्नेछ।

ख) कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गाउँपालिका रोजगार कार्यक्रम निर्देशक समितिले समयसमयमा दिएका निर्देशनको पालना गर्नुपर्नेछ।

**१५. वडा समिति :**

क) वडास्तरमा योजनाहरुको तर्जुमा, कार्यान्वयन र अनुगमनमा आवश्यक सहयोग गर्ने।

ख) रोजगार आयोजना कार्यान्वयन समिति गठनका लागि सिफारिस गर्ने।

ग) श्रमिकको दैनिक हाजिरी प्रमाणीत गर्ने।

घ) तोकिएका अन्य कार्य गर्ने।

## परिच्छेद ५
## आयोजना कार्यान्वयन प्रक्रिया

**१६. बेरोजगार व्यक्तिलाई रोजगारीमा खटाउने :**

(१) सूचिकृत भएका बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा खटाउँदा आयोजनाको स्वीकृत लागत अनुमान बमोजिम उपलब्ध रोजगारीका अवसरको आधारमा आवश्यक संख्याका श्रमिकलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा उपलब्ध बेरोजगार व्यक्तिको सूचीको प्राथमिकता क्रमअनुसार क्रमशः खटाउनु पर्नेछ।

(२) आ.व. २०८२।८३ को लागि दफा १ लागू हुने छैन प्राथमिकता निर्धारण गरी निर्देशक समितिबाट स्वीकृत गरी रोजगारमा खटाउन सकिनेछ।

(३) यस पालिका भित्र रहेका नागरिक मध्ये कृषि प्राविधिक शिक्षा प्राप्त गरी वेरोजगार रहेका र इन्टर्नशीप गर्न चाहनेहरुलाई अरु बेरोजगार सरह पारिश्रमिकता प्रदान गरी कृषकहरुको खेतपातिको रेखदेख गर्न खटाईरहेको छ।

**१७. आयोजना स्थल :** यस कार्यक्रम अन्तर्गतको एउटा आयोजना सम्भव भए सम्म एउटा वडाभित्र मात्रै सञ्चालन गर्नुपर्नेछ। यदि सो सम्भवना भएको अवस्थामा एउटै आयोजना दुई वा दुईभन्दा बढी वडा मा सञ्चालन गर्न समेत सकिनेछ।

**१८. काम र काम वापतको पारिश्रमिक तथा सुविधा :**

यस कार्यविधि बमोजिम श्रमिकको रोजगार अवधि न्युनतम ६० दिन र आवश्यकता अनुसार बढि समय खटाईनेछ।रोजगारीमा खटिएका श्रमिकहरुको पारिश्रमिक दर राष्ट्रिय रोजगार कार्यक्रमले तोके बमोजिम हुनेछ।श्रमिकको कार्यस्थल दुर्घटना बिमा गरिनेछ।श्रमिकको करार अवधिभरमा मृत्यु भएमा काजक्रिया खर्च स्वरुप एकमुष्ट रु २५००० अक्षेरिपी रु पच्चिस हजार रुपैया मात्र प्रदान गरिनेछ।

**१९. रोजगार उपभोक्ता समिति सम्बन्धी व्यवस्था :**

(१) श्रमिकहरु मध्येबाट एक जना अध्यक्ष, एक जना सचिव र एक जना कोषाध्यक्ष सहित पाँचदेखी सात सदस्यीय सम्म रोजगार उपभोक्ता समिति गठन गर्नु पर्नेछ।

(२) रोजगार उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्षमध्ये कम्तिमा एक जना र अन्य सदस्यहरु मध्ये कम्तिमा १ जना महिला हुनुपर्नेछ।

(३) देहायको योग्यता भएको व्यक्ति रोजगार उपभोक्ता समितिमा रहन सक्नेछ

(क) कुनै फौजदारी अभियोग नलागेको,

(ख) सरकारी नगद तथा जिन्सी मासेको वा सरकारी सम्पत्ति हिनामिना गरेको वा सरकारी पेश्की बेरुजू रहेको नभएको,

(ग) निजको परिवारको अन्य कोही सदस्य सोही समितिमा नरहेको।

(४) रोजगार उपभोक्ता समितिमा रहने श्रमिक आयोजना सञ्चालन हुने वडाको स्थायी वासिन्दा हुनु पर्नेछ। यदि आयोजना सञ्चालन हुने वडाको स्थायीय वासिन्दा भएको श्रमिक उपलब्ध नभएमा आयोजना सञ्चालन हुने वडाबाट सबैभन्दा नजिक रहेको वडाको स्थायी वासिन्दा भएको श्रमिकमध्ये बाट रोजगार उपभोक्ता समितिको पदाधिकारीमा छनौट गर्नु पर्नेछ।

५) रोजगार उपभोक्ता समितिका पदाधिकारीको पदावधी आयोजना अवधि भर मात्र रहनेछ।

(६) रोजगार उपभोक्ता समितिका पदाधिकारीहरुले समेत अन्य श्रमिकहरु सरह नै काम गर्नुपर्नेछ। उनीहरुले समितिको पदाधिकारी भएकै कारणले काम गरे बापतको ज्याला बाहेक अन्य कुनै पनि सुविधा प्राप्त गर्ने छैनन्।

(७) आयोजनामा खटिएका श्रमिकहरुलाई रोजगार उपभोक्ता समिति गठनका लागि सहमतिमा अध्यक्ष र अन्य पदाधिकारीहरुको नाम प्रस्ताव गर्न पाँच दिनको समय दिनुपर्नेछ। सो समयभित्र सहमति कायम हुन नसकेमा गाउँपालिकाले सम्वन्धीत वडाअध्यक्षको सिफारिसमा अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्न सक्नेछ।

**२०. रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकारः रोजगार उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहायअनुसार हुनेछ।**

(क) गाउँपालिकासँग (अनुसूची ३ बमोजिम) आयोजना सम्झौता गरी सो बमोजिम आयोजनाको कार्यान्वयन र व्यवस्थापन गर्ने गराउने,

(ख) श्रमिकहरुको हाजिरी अभिलेख (अनुसूची ४ बमोज़िम) राख्ने वा राख्न लगाउने,

(ग) प्राविधिकलाई आयोजनाको प्रतिवेदन तयार पार्न आवश्यक सूचना दिने र सहजीकरण गर्ने,

(घ) श्रमिकले रोजगारी गरेको दिनको हिसाव गरी गाउँपालिकाबाट सो बराबरको रकम सिधै श्रमिकहरुको बैंक खातामा निकासा गराउन सहजिकरण गर्ने।

**२१. श्रमिकंहरुको समूह गठन गरी काममा लगाउनुपर्ने :** रोजगार उपभोक्ता समितिले आयोजना सञ्चालन गर्दा श्रमिक समूह गठन गरी श्रमिकहरु लाई सोही बमोजिम काममा लगाउनु पर्नेछ।

**२२. बैंक खाता सञ्चालन सम्बन्धमा :** (१) रोजगार उपभोक्ता समितिले श्रमिकको ज्याला वापतको रकम बाहेक अन्य रकमको खर्च व्यवस्थापन गर्न आफ्नो नाममा बैंक खाता सञ्चालन गर्नुपर्नेछ सम्वन्धीत वडा अध्यक्षको सिफारिसमा अध्यक्ष र अन्य पदाधिकारी तोकी रोजगार उपभोक्ता समिति गठनको निर्णय गर्न सक्नेछ।

# परिच्छेद ६
## बजेट व्यवस्थापन

**२३. सामाग्रीको खरिद :**

(१) यस कार्यविधि अन्तरर्गत सञ्चालन हुने रोजगार आयोजनामा आवश्यक पर्ने निर्माण सामाग्री उपभोक्ता समितिले र ज्याला तथा औजारहरु र श्रमिकको सुरक्षा सामाग्रीहरु रोजगार सेवा केन्द्र ले अनुसूची २ वमोजिमको स्वीकृत फारामका आधारमा गरी पठाउनेछ।

**२४. श्रमिकको ज्याला भुक्तानी :** (१) स्थानीय तहले श्रमिकको ज्याला सम्बन्धित रोजगार उपभोक्ता समितिको निवेदन र हाजिरी विवरण तथा प्राविधिक प्रतिवेदनको आधारमा सम्बन्धित वडाअध्यक्षको सिफारिस बमोजिम श्रमिकको बैंक खातामा भुक्तानी गर्नुपर्नेछ।

(२) रोजगार उपभोक्ता समितिको अध्यक्ष वा निजले तोकेको अवस्थामा सचिवले प्रत्येक श्रमिकको लाभग्राही तोकेको

परिचयपत्रको पृष्ठभागमा रहेको हाजिरी तालिका प्रमाणीत गरी आयोजना सम्पन्न भएपछि सबै परिचय पत्र संकलन गरेर प्रमाणित हाजिरीका आधारमा अनुसूची ४ बमोजिमको श्रमिकको हाजिरी रेकर्ड तथा भुक्तानीको विवरण तयार गरी गाउँपालिकामा पेश गर्नु पर्नेछ।

(३) श्रमिकको दैनिक उपस्थितिको अभिलेखअनुसार पालिकाले श्रमिकको ज्याला भुक्तानी गर्नुपर्नेछ। यदि प्राविधिक मूल्याङ्कनबाट इष्टिमेट अनुसारको कार्यप्रगति भएको नदेखिएमा सम्पन्न भएको कार्य बराबरको आंशिक भुक्तानी दिन सकिनेछ।

**२५. खर्च व्यवस्थापन प्रक्रिया :**

(१) रोजगार आयोजना सञ्चालन गर्दा गाउँपालिकाले सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिधिभित्र रहेर गर्नुपर्नेछ।

(२) आफूले प्राप्त गरेको रकमको अनुशासित र पारदर्शीरुपमा खर्च गर्ने तथा स्रेस्ता व्यवस्थापन गर्ने र खर्चको प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ।

(३) खर्चको आन्तरिक तथा अन्तिम लेखापरिक्षण गराउनु पर्नेछ।

## परिच्छेद ७
## विविध

**२६. सार्वजनिक परीक्षणः** श्रमिक उपभोक्ता समितिले श्रमिक समूहको हाजिरी विवरण, भुक्तानी प्राप्त गर्ने श्रमिकको नाम, प्राप्त रकम र खर्चको विवरणको सार्वजनिक लेखापरीक्षण गराउनुपर्नेछ।

**२७. तेश्रो पक्षको संलग्नताः** रोजगार आयोजनाको सञ्चालन गर्ने क्रममा कुनै पनि काम वा तेश्रो पक्ष नियुक्त गरी गर्न पाइने छैन।

**२८. पारदर्शिता र उत्तरदायित्व :** रोजगार कार्यक्रम संचालन गर्दा पारदर्शिता र उत्तरदायित्व कायम गर्नुपर्नेछ।

**२९. खर्चको विवरण अद्यावधिक गर्नुपर्नेः** रोजगार आयोजनाहरुको लागत तथा खर्च, श्रमिकको रोजगारीको दिन र भुक्तानीको अद्यावधिक विवरणको अभिलेख राख्नु पर्नेछ।

**३०.** बाधा अड्काउफुकाउ र व्याख्या गर्न सक्ने गाउँ कार्यपालिकाले यस कार्यविधिको कार्यान्वयनमा आइपर्ने बाधा, अड्काउ फुकाउन वा कुनै द्विविधालाई स्पष्ट गर्न आवश्यक निर्णय गर्न सक्नेछ।

**३१. अनुसूचीमा हेरफेर गर्न सक्नेः**

गाउँ कार्यपालिकाले यस कार्यविधिको अनुसूची हरुमा आवश्यक हेरफेर गर्न सक्नेछ।

अनुसूची - १

(दफा ८को उपदफा (१ सँग सम्बन्धित)

रोजगार आयोजना कार्यान्वयन समितिले माग गर्ने आयोजनाको प्रस्तावको ढाँचा

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू, मिति :
पौवादुङमा गाउँपालिकाको कार्यालय
च्याङ्ग्रे भोजपुर

विषय: योजना प्रस्ताव पेश गरेको सम्बन्धमा।

महोदय,
उपरोक्त सम्बन्धमा लाभान्वित समुदायले छनौट गरेको र रोजगार आयोजना कार्यान्वयन समितिबाट कार्यान्वयन गर्नका लागि निर्णय गरिएको देहाय बमोजिमको लागत सहभागितामा तथा विवरण उल्लेख भएको आयोजना कार्यान्वयन गर्नका लागि यो आयोजाना माग प्रस्ताव तयार गरी पेश गरेका छौं। आवश्यक बजेट तथा कार्यक्रम स्वीकृत गरी संचालन गर्ने अनुमतिका लागि अनुरोध गर्दछौं।

क) आयोजना सम्बन्धी जानकारी
१. नाम :
२ स्थानः
३ प्रकार :
४ लाभान्वित जनसंख्या,
महिला पुरुष जनजाती दलित
५ योजनाको उद्येश्य :
६. भौतिक उपलब्धि :
७. लाभाविन्त घर परिवार संख्या :
ख) रोजगार आयोजना कार्यान्वयन समिति
१. गठन भएको मिति :
२. रोहवर :
३. आयोजना स्थल वसोवास गरेका परिवार संख्या :
४. आयोजना कार्यान्वयन समिति गठन हुँदा उपस्थित परिवार संख्या :

क) आयोजना कार्यान्वयन समितिमा बस्ने पदाधिकारीहरुको विवरण :

| क्र.सं. | पद | नाम थर | ठेगाना | नागरिकता नं. | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |
| ४. | | | | | | |
| ५. | | | | | | |
| ६. | | | | | | |
| ७. | | | | | | |

घ) भेला भएको स्थान :

ङ) आयोजनाको आर्थिक पक्ष :

१. कुल अनुमानित लागत :

२. निर्माण सामाग्रीहरुको मुल्य :

३. ज्याला रु. :

४. ढुवानी भाडा रु.:

५ अन्य रु. :

च) खर्च व्यहोर्ने स्रोत :

१. लाभान्वित उपभोक्तावाट नगद रु.................... श्रमदानवाट रु........................... बराबर

२. वडा कार्यालयबाट नगद रु. ............................... बराबर

३. गाउँपालिकाबाट नगद रु. .......................... बराबर

४. अन्य संघसंस्था, निकायबाट नगद रु................. बराबर

छ) सं लग्न कागजात :

१. आयोजना कार्यान्वयन समितिको गठन गर्ने निर्णयको छायाप्रति ।

२. आयोजना कार्यान्वयन समितिको विधान भए सोको छायाप्रति ।

३. सम्बन्धित वडाको सिफारिस ।

४. अन्य संघसंस्थाको लागत सहभागिता भएको भए सोको प्रतिबद्धता पत्र।

५. आयोजना कार्यान्वयन समितिको अनुभव सम्वन्धी कागज ात ।

६. सम्भव भए योजना स्थलको नक्सा।

७. डिजाइन लागत अनुमान विवरण सम्वन्धी कागजात ।

८. माग गरिएको आयोजनाको नदोहोरीएको प्रतिवद्धता ।

ज) आयोजना माग गर्ने आयोजना कार्यान्वयन समितिका पदाधिकारीहरु :

| | | |
|---|---|---|
| दस्तखत : | दस्तखत : | दस्तखत : |
| नाम : | नाम : | नाम : |
| पद : | पद : | पद : |
| अध्यक्ष : | सचिव : | कोषाध्यक्ष : |
| मिति : | मिति : | मिति : |

झ) आयोजनाका लागि सिफारिस गर्ने :

सहीछाप

नाम थर:

कार्यालय :

ठेगाना :

अनुसूची २

(दफा २० (क) सँग सम्बन्धित)

योजना सम्झौता फारामको ढाँचा

पौवादुङमा गाउँपालिका (यसपछि प्रथम पक्ष भनिने) र रोजगार आयोजना कार्यान्वयन समिति (यसपछि दोस्रो पक्ष भनिने) का वीचमा देहाय बमोजीम को शर्त पालना गर्ने गरीयो सम्झौता पत्रमा हस्ताक्षर गरी एकएक प्रति लियौंदियौं।

**१. सम्झौता गर्ने पक्ष र योजना :**

क. रोजगार आयोजना कार्यान्वयन समितिवाट सम्झौता गर्ने आधिकारीक प्रतिनीधि :

१ नाम :

२ पद :

३ ठेगाना :

ख आयोजनाको विवरण :

१. नाम :

२. ठेगाना :

३. उद्देश्य :

४. आयोजना स्वीकृत गर्ने निकाय :

५. आयोजना शुरु हुने मिति :

६. आयोजना सम्पन्न हुने मिति :

**२. आयोजनाको लागत सम्बन्धी विवरण :**

क. लागत अनुमान रु.

ख. लागत व्यहोर्ने श्रोतहरु

१. नेपाल सरकार बाट रु.

२. प्रदेश सरकार बाट रु.

३. नगरपालिका बाट रु.

४. अन्य स्थानीय निकायबाट रु.

५. समुदायमा आधारित संस्थाबाट रु.

६. विदेशी दातृ संस्थाहरु बाट रु.

७. रोजगार आयोजना कार्यान्वयन समितिबाट रु.

८. गैर सरकारी संस्थाबाट रु.

९ अन्य रु.

ग. निर्माण सामाग्रीको विवरण

१. जम्मा रु.

२. परिमाण :

**३ सामाग्रीको नाम :**

**४. स्रोत :**

**५. आयोजना शुरु हुने मिति :**

**६. आयोजना सम्पन्न हुने मिति :**

**२. आयोजनाको लागत सम्बन्धी विवरण :**

**क. लागत अनुमान रु.**

**ख. लागत व्यहोर्ने श्रोतहरु :**

१. नेपाल सरकारबाट रु.

२. प्रदेश सरकारबाट रु.

३. नगरपालिकाबाट रु.

४. अन्य स्थानीय निकायबाट रु.

५. समुदायमाआधारतिसंस्थाबाटरु.

६. विदेशी दातृ संस्थाहरुबाट रु.

७. रोजगार आयोजना कार्यान्वयन समितिबाट रु.

८. गैरसरकारी संस्थाबाट रु.

९ अन्य रु.

**ग. निर्माण सामाग्रीको विवरण :**

१. जम्मा रु.

२. परिमाण :

३ सामाग्रीको नाम :

४ स्रोत

१. विषयगत शाखा

२. गाउँपालिका बाट

३. अन्य स्थानीय तह

४. गैरसरकारी संघ संस्था बाट

५. सामुदायिक संघ संस्थाबाट

६. विदेशी दातृ संघ संस्थाबाट

७. आयोजना कार्यान्वयन समितिबाट

८ .अन्य बाट

**घ. आयोजना बाट लाभान्वित हुने :**

१. घरपरिवार संख्या :

२. जनसंख्या :

३. दलित :

४. जनजाती :

५. अन्यजाती :

**३. रोजगार आयोजना कार्यान्वयन समिति सम्वन्धी विवरण :**

क. गठन भएको मिति :

ख. पदाधिकारीको नाम ठेगाना :

| क्र. स. | पद | नाम थर | ठेगाना | नागरिकता नं | मोवाइल नं | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | अध्यक्ष | | | | | |
| २. | सचिव | | | | | |
| ३. | कोषाध्यक्ष | | | | | |
| ४. | सदस्य | | | | | |
| ५. | सदस्य | | | | | |
| ६. | सदस्य | | | | | |
| ७. | सदस्य | | | | | |

**योजना स्थलका लाभान्वित जनसंख्या**

**ग. गठन गर्दा उपस्थित लाभान्वित संख्या :**

**४. आयोजना संचालन सम्वन्धी अनुभव :**

**५. आयोजना कार्यान्वन समितिले प्राप्त गर्ने किस्ता विवरण :**

| किस्ता क्रम | मिति | किस्ता रकम | निर्माण सामाग्री | परिमाण | कैफियत |
|---|---|---|---|---|---|
| पहिलो | | | | | |
| दोस्रो | | | | | |
| तेस्रो | | | | | |
| अन्तिम भुक्तानी | | | | | |
| जम्मा | | | | | |

**६. आयोजनाको मर्मत सम्भारका लागि व्यहोर्ने व्यवस्था**

(मासिक, चौमासिक, वार्षिक)

क. मर्मत संभारको जिम्मा लिने समितिको नाम :

ख. जनश्रमदान (श्रमशक्तिसंख्या)

ग. सेवा शुल्क बाट रु.

घ. दस्तुर चन्दा बाट रु.

ङ. लागत सहभागिता वा अनुदान बाट रु.

च. व्याज वा अन्य बचत रु.

**७. अन्य प्रविधि र व्यवस्थापन सम्वन्धी विवरण :**

क.

ख.

**८. सम्झौताका शर्तहरु :**

१ प्राप्त रकम तथा निर्माण सामाग्री सम्वन्धी आयोजनाको उद्देश्यका लागि मात्र प्रयोग गर्ने गराउनेछौं।

२. आयोजना सम्पन्न भए पछि गाउँपालिकावाट जाँचपास गरी फरफारक लिनेछौं

३ आम्दानी खर्चको विवरण र कार्यप्रगतीको जानकारी स्थानीय लाभान्वित समुदायलाई गराई रोजगार आयोजना कार्यान्वयन समितिको बैठकका छलफल निर्णय गरी अर्को किस्ता माग गर्नेछौं।

४. योजनाको काम समयमा नगरेमा वा गुणस्तरीय ढंगले नगरी कुनै हानी नोक्सानी भएमा सोको पूर्ण जिम्मेवारी रोजगार आयोजना कार्यान्वयन समितिले लिनेछ र सो हानी नोक्सानी र क्षतिि पूर्ति तिर्न/बुझाउन यस समिति सहमत छ।

५. नगदी जीन्सी समानको प्राप्ती, खर्च, बाँकी तथा आयोजनाको प्रगती विवरण अभिलेख आदी रोजगार आयोजना कार्यान्वयन समितिले तयार गरी राख्नेछौं।

६. आयोजनाको कूल लागत भन्दा घटी लागत आयोजना सम्पन्न भएको अवस्थामा सो मुताविक नै गाउँपालिकाको नगद र लागत सहभागिता एवं श्रमदानको प्रतिशत निर्धारण गरी भुक्तानी लिने / दिन सहमत छौं।

७. आयोजना संचालन गर्ने यस रोजगार आयोजना कार्यान्वयन समितिले योजनाको मर्मत संभारको पनि व्यवस्था गर्नेछ।

८. आयोजनाको सबै काम आयोजना कार्यान्वयन समिति समुहको निर्णयानुसार गर्ने गराउनेछौं।

९. यो आयोजना मिति ................................................देखि शुरु गरी मिति .................................... सम्ममा पुरा गर्ने/गराउनेछौं।..

१०. आयोजनाको चौमासिक र वार्षिक भौतिक तथा वित्तिय खर्चको प्रगति विवरण गाउँपालिका समक्ष समयममै पठाउनेछौं।

११. यो आयोजना आँफैले कार्यान्वयन नगरी ठेकदार मार्फत कार्यान्वयन गरेमा कानून बमोजिम कारवाही भोग्न र पालिकाले सम्झौता रद्ध गरेमा वा योजनाको कार्यको भुक्तानी नदिएमा यस रोजगार आयोजना कार्यान्वयन समितिले कुनै प्रकारको दाबी गर्ने छैनौं।

१२. यो आयोजना सम्झौता तोकेको अवधि भित्र पूर्णरुपमा सम्पन्न गर्नेछौं।

१३.अन्य शर्तहरु

क.उपरोक्त बमोजिम गर्न हामी मन्जुर छौं।

| गाउँपालिकाको तर्फबाट | रोजगार आयोजना कार्यान्वयन समितिको तर्फबाट |
|---|---|
| दस्तखत : | दस्ताखत : |
| मिति : | मिति : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |

अनुसूची - ३

श्री वडा अध्यक्ष ज्यू,
वडा नं को कार्यलय
पौवादुङमा गाउँपालिका ।

विषयः- बेरोजगार दर्ता निवेदन ।

रोजगारको हकसम्बन्धी ऐन, २०७५ ले गरेको व्यवस्था बमोजिम मैले न्यूनतम रोजगारीको अवसर नपाएको र संघीय सरकार प्रदेश सरकार /स्थानीय तहबाट संचालित न्यूनतम रोजगार कार्यक्रममा संलग्न हुन इच्छुक भएकोले देहाय बमोजिमको विवरण सहित रोजगारी पाउनको लागि अनुरोध गर्दै यो निवेदन पेश गरेको छु।

१. नाम, थर :
२. वर्ग/समुह :
३ शारीरिक अवस्था :
अपांग भए परिचय पत्र वर्ग :
४. स्थायी ठेगानाः पौवादुङमा गाउँपालिका... नं. वडा
अस्थायी ठेगानाः- नपा/गापा वडा नं.
६. नागरिकता/ राष्ट्रिय परिचयपत्र नं.................................... र जारी जिल्लाः...........................................
७ परिवारको सदस्य कुल संख्या....... महिला नाबालक पुरुष वृद्ध
अन्य

| क्रस | नाम थर | निवेदकसगको नाता | जन्म मिति | योग्यता | सीस | कार्यानुभव | रोजगारीको अवस्था | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

रोजगारीको अवस्था (निवेदक सहित) १८ देखि ५९ उमेर समुह

निवेदकसँग को नाता :
जन्म मिति :
योग्यता :
सीप :

कार्य अनुभव :
कुनै कोषबाट सहायताको अवस्था :
रोजगारीको अवस्थामा स्वदेश तथा वैदेशिक रोजगार सम्बन्धी विवरण :
सामाजिक सुरक्षा कोष वा अन्य कुनै कोषबाट सहायता लिएको वा नलिएको खुलाउने :
आवेदकको मुख्य पेशा (कुनै एकमा मात्र लगाउनुहोस्):
कृषि तथा पशुपालन :
विद्यार्थी (अध्ययनरत भएमा मात्र) :
गृहणी (महिला भएमा मात्र) :
बेरोजगार :
ज्याला मजदुरी :
नोकरी तथा जागिर :
उद्योग तथा व्यापार :
वैदेशिक रोजगारी :
अन्य :
व्यावसायिक कार्य :
१०. निवेदकको मुख्य पेशाबाट वर्षभरीमा खान पुग्ने अविधि महिना
महिना
११. निवेदक चालु आवमा रोजगारीमा संलग्न भएको दिन :
१२. वसोवासको लागि आफ्नो घर भएको/नभएको :
१३. निवेदक एकल महिला भएको विवरण :
१४. निवेदक गर्भवती वा सुत्केरीको विवरण सुत्केरी भए महिना उल्लेख गर्ने :
१५. निवेदकको वार्षिक परिवारिक आय:-
१६. काम गर्न चाहेको क्षेत्रः-
१७. काम गर्न चाहेको ठाउँ :
१८. काममा खटिन चाहेको समय ............ महिना देखि ..............महिना सम्म
१९. तालिमको विवरण :-
२०. कामको अनुभवः-

उपरोक्त विवरण साँचो हो, झुठा ठहरेमा कानुनवमोजिम सहुँला बुझाउला भनी सही छाप गर्ने।
निवेदकको नाम :
दस्तखत : ...........................
मितिः
सम्पर्क नं. .....................

अनुसुचि-४

पौवादुङमा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

परिचय पत्र नं.    :    परिवार संकेत नं. :

नाम :

लाभग्राही परिचय पत्र    :    ठेगाना:-

नागरिकता राष्ट्रिय परिचय पत्र नं.:-    परिचय पत्र जारी मितिः.

परिचय पत्र बहाल रहने मितिः

फोटो

प्रमाणित गर्ने कर्मचारीको नामः-

पदः

हस्ताक्षरः-

नागरिकता राष्ट्रिय परिचय पत्र नं. :

रोजगारीको विवरण :

अवधि :

काम गरेको आयोजनाको नाम :

कामको प्रकृति :

प्रमाणित गर्ने आयोजना प्रमुख :

दस्तखत :

कार्यालयको छाप :

.........................................................देखि.......................................................सम्म श्रमिकको आचरण

क) समयको पालना गर्ने ।

ख) समुहमा मिलेर काम गर्ने ।

ग) सुपरीवेक्षकको निर्देशनमा काम गर्ने ।

घ) असल आचरण र अनुशासन कायम गर्ने ।

ङ) कार्यस्थलमा आयोजनाले उपलब्ध गराएका सुरक्षा सामग्री ।

च) आयोजना स्थलमा खटिएको प्राविधिकले दिएको निर्देशन बमोजिम कार्यस्थल सुरक्षाका उपायहरुको अवलम्बन गर्ने ।

छ) कार्य समयमा कार्यस्थलमा मदिरा सेवन नगर्ने सेवन गरी उपस्थित नहुने ।

ज) कार्यस्थलमा सहकर्मी वा अन्य कुनै व्यक्ति सँग झैझगडा नगर्ने नगराउने ।

झ) कार्यस्थलमा सामुदायिक सदभाव बिथोलिने खालका कुनै व्यवहार नगर्ने नगराउने ।

ञ) कार्यस्थलमा लैंगिक जातीय क्षेत्रीय धार्मिक सांस्कृतिक तथा यौनजन्य हिंसा र विभेद नगर्ने नगराउने ।

| |
|---|
| आज्ञाले,<br>नविन भट्टराई<br>प्रमुख प्रशासकीय अधिकृत |